## नेपाल सरकार
## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१)र(२) ले दिएको अधिकार प्रयोग गरी खण्ड ५१, संख्या ४३, मिति २०५८।११।६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचना बमोजिम घोषित शिवपुरी राष्ट्रिय निकुञ्जको चार किल्लामा देहाय बमोजिमको चार किल्ला भएको क्षेत्रलाई थप क्षेत्रको रुपमा घोषणा गरी सो राष्ट्रिय निकुञ्जको नाम शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नामाकरण गरेको छ ।

### चार किल्ला

पूर्वः डुम्रनीपानी, बालाजु बाईपास, बालाजु उद्यान, गोलढुङ्गा गाउँ विकास समितिको आवादि ।

पश्चिमः थुम्की, डमडमे, ककरे गाउँ, गैरी गाउँ, सानो गाउँमा रहेको नागार्जुन पर्खाल र धादिङ्ग जिल्ला छत्रे देउराली गाउँ विकास आवादि ।

उत्तरः तीलखोरिया, डाँडागाउँ, ठूलो गाउँ, चिपालिवो, मड्खु ढोका, वैखु, नाखनडोलमा रहेको नागार्जुनको पर्खाल र काठमाडौं जिल्लाको जितपुर फेदी र गोलढुङ्ग गाउँ विकासको समिति आवादि ।

दक्षिणः थाप्ले गाउँ, भिरकोट नयाँ गाउँ, बद्रीडाँडा, नाराणस्थान, इचँगु, गांको, रानीवन, टण्डोल गाउँमा रहेको नागार्जुन पर्खाल ।

आज्ञाले,
डा. उदय राज शर्मा
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १५।-
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।